October 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 28

www.eurasiareiyukai.com

Smile of The Month



## बिजया दशमीको शुभकामना

बिजयादशमी २०७२ को सुखद उपलक्ष्यमा सम्पूर्ण नागरिक, यूराशिया रेयूकाईका सम्पूर्ण लिडर्स एवं सदस्यहरुमा हार्दिक मंगलमय शुभकामना ।
पुर्खाहरुबाट ग्रहण गर्ने मौका पाएको प्राकृतिक वातावरण, रितिरिवाज, संस्कृतिलाई संरक्षण गर्दै यसपालीको विजया दशमीको शुभ अवसरमा सु:ख, शान्ति र समृद्धिको कामना गर्दछौं ।

युशुन मासुनागा संस्थापक अध्यक्ष
एवं यूराशिया रेयूकाई परिवार

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन

नेपाल देशमा महाभुकम्प, बाढी पहिरो, बन्द, यातायातको समस्या, पेट्रोलको समस्या विभिन्न समस्याहरु छन्। विशेष गरी अप्ठ्यारो समय आयो। यस्तो अवस्थामा बुस्सोगोनेन्को महान् रेयूकाई शिक्षा फैलाउदै जानु पर्छ। वास्तविक रुपमा गर्ने मौका पाउन मानिसको रुपमा जन्मेर आएको हो। पुर्खाहरुप्रति, अभिभावकप्रति कृतज्ञता फर्काउने कुरा आधारको रुपमा छ। प्रायश्चितको कर्म शुद्धिकरणले खराव कुरा हटाउने साधारण व्यक्ति हो। त्यो कार्य नगरीकन हुँदैन। कर्मको शुद्धिकरण नगरीकन हुँदैन। देश प्रेमको भावना जगाउनु पर्छ। आफ्नो देश यो अनुसार ठीक छ वा छैन, अन्तर्राष्ट्रिय स्तरबाट आफ्नो देशलाई कसरी हेरीरहेको छ। यो कुरा सदस्यहरुलाई सोच्न लगाउनु पर्छ। युवाहरु देशबाट पलायन भई विदेशतिर गईरहेका छन्। युवाहरुलाई राष्ट्रिय भावना लिन लगाउने, यो देशमा जन्मेको प्रति कृतज्ञ भई अहिलेको यस्तो स्थिती भएपनि उज्यालो देश, उज्यालो संसार वनाउन युवाको मनको विकास गराउनु पर्छ। सदस्यहरुलाई माफी र कृतज्ञता सिकाउनु पर्छ। यो देशलाई वचाउने आफु वाहेक छैन भन्ने महशुस गरी आफु संगसंगै सदस्यलाई हिडाई अभ्यास गराउनु पर्छ।

## यूराशिया रेयूकाई प्राकृतिक वातावरण संरक्षण समितिको अपिल

हामी बसोबास गरिरहेको पृथ्वी क्रमश: विनाश तर्फ उन्मुख हुदै गईरहेकोछ। विनाशको मुख्य कारण हामी मानव जाति पृथ्वीप्रति कृतज्ञ नहुनु र जथाभावी प्राकृतिक वातावरणलाई प्रदुषित हुने कृयाकलाप गर्ने गरेकोले हो। यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन "पृथ्वी भएर नै हामी छौं, त्यसैले पृथ्वी प्रति कृतज्ञ भई गर्व गर्न सक्नुपर्छ। हाम्रा पुर्खाहरुहरुले सुम्पेको प्राकृतिक वातावरणलाई अझ राम्रो बनाई हाम्रा सन्ततिहरुलाई सुम्पिनको लागि हामी सबै यूराशिया रेयूकाई सदस्यहरुले मौका पाउनु पर्छ।" हाल विश्वको वर्तमान अवस्था विभिन्न प्राकृतिक प्रकोपहरु जस्तै भुकम्प, बाढी, पहिरो र जलवायु परिवर्तनको समस्याहरु बढ्दै गइरहेको छ। यस्ता प्राकृतिक प्रकोपहरु आउनु भनेको प्राकृतिक वातावरण प्रति सचेत हुन र आफनो् जिम्मेवारी र कर्तव्य महशुस गराउन आध्यात्मिक संसारबाट संकेत आएको हो। त्यसैले प्राकृतिक वातावरण संरक्षण सम्बन्धी आफू सचेत बनि अरुलाई पनि सचेत बनाउन हामी यूराशिया रेयूकाईका सम्पूर्ण सदस्यहरुले निम्नानुसार जनचेतना जगाउने कार्य गरौं।

१) हाम्रो पृथ्वीलाई हामी आफैंले बचाऔं ।
२) जलवायु परिवर्तनबाट हुने प्रभाव बारे समाजमा जनचेतना जगाऔं ।
३) जथाभावी वनजंगल विनाश नगरौं र उपयुक्त स्थानमा वृक्षारोपण गरौं ।
४) वृक्षारोपण गरी आफू बसेको समाज र देशलाई हरियाली बनाऔं ।
५) एउटा रुखले प्रतिवर्ष लगभग १० किलोग्राम कार्वनडाईअक्साइड सन्तुलन गर्छ, त्यसकारण रुख रोपेर कार्वनडाईअक्साईड ग्याँस उत्पादनमा कमी गरौं, जथाभावी रुख नकाटौं ।
६) नागरिक सरसफाई अभियानमा अग्रसर भई सहभागी बनौं र आफु वसेको समाजलाई सफा र स्वच्छ वनाऔं ।
७) सकेसम्म फोहोर कम गरी भएको फोहोर मैलालाई उचित व्यवस्थापन गरौं।
८) सडेर जाने फोहोर एक ठाउँमा जम्मा गरी मल बनाई प्रयोग गरौं ।
९) रि–साइकल गरी पुन : प्रयोग गर्न सक्ने फोहोरलाई छुट्टै जम्मा गरी पुन: प्रयोग गरौं ।
१०) प्लाष्टिकले वातावरणमा नकारात्मक असर पार्ने भएकोले प्लाष्टिकजन्य सामानहरु सकेसम्म प्रयोग नगरौं ।
११) कृषिमा रासायनिक मल र विषादीको प्रयोग नगरी जैविक मलको प्रयोग गरौं।
१२) सकेसम्म गाडीको प्रयोग कम गरी पैदल हिडिं वातावरणलाई स्वच्छ पारौं ।
१३) विद्युतीय उपकरणहरु उपयोगपछि पूर्ण रुपमा स्विच बन्द गरी कार्वनडाईअक्साइडको उत्पादन घटाऔं ।
१४) बिद्युत, ग्याँस, कोइला र तेलहरुको प्रयोगबाट कार्वनडाईअक्साइड बढी मात्रामा उत्पादन हुने भएकोले सकेसम्म कम प्रयोग गरौं ।
१५) बत्ति प्रयोग गर्दा सि.एफ.एल चिमहरु प्रयोग गरौं ।
१६) वन विनास र भूमि विनास रोक्न सौंर्य शक्ति, गोबर ग्याँस र बिद्युत शक्ति बैकल्पिक उर्जाका श्रोतहरु प्रयोग गरौं ।




मुमा श्रीमती हिरोको मासुनागाज्यूको सक्रियतामा यूराशिया रेयूकाई भारत र नेपालमा हस्तकला तालिम केन्द्र नियमित संचालन भई प्रशिक्षकहरु उत्पादन गर्ने मौका पाई क्षेत्र-क्षेत्रहरुमा धेरैले आफ्नो सीप विकाश गर्ने मौका पाउँदै आइरहेका छन् ।

# यूराशिया रेयूकाईबाट भुकम्प अति प्रभाबित क्षेत्रमा बिभिन्न सहयोगका कृयाकलाप गर्ने मौका पाएका छौं

यूराशिया रेयूकाईले निरन्तर भुकम्प अति प्रभाबित क्षेत्रहरुमा बिभिन्न सहयोगका क्रियाक्लापहरु गर्दै आईरहेका छौं जुन कृयाकलापबाट महा विनासकारी भुकम्पबाट मानविय र भौतिक क्षती भई आफन्तहरु गुमाएका घरबार बिहिन भएर दुःखी भएका नागरिक र बालबालिकाहरुलाई खुशी प्रदान गर्न यस पटक निम्न क्षेत्रहरुमा राहतका क्रियाक्लापहरु गर्ने मौका पाएका छौं ।

२३ सेप्टेम्बर २०१५ का दिन सिन्धुपाल्चोक जिल्लाको श्री जन जागृती माध्यामिक बिद्यालय साँगाचोक जुन बिद्यालय भुकम्पबाट पूर्ण रुपमा ध्वस्त भएको थियो । यूराशिया रेयूकाईबाट उक्त बिद्यालयमा बालकक्षा देखी कक्षा ५ सम्म र बहिरा २१ बिद्यार्थीहरु गरी १४८ जना बिद्यार्थीहरुलाई शैक्षिक सामाग्रीहरु एवं दैनिक आवश्यक सामाग्रीहरु बितरण गर्ने मौका पायौं ।








२४ सेप्टेम्बर २०१५ का दिन दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं २ स्थित श्री बाल मन्दिरमा बिपन्न परिवारका अध्ययनरत ५२ जना बालबालिकाहरुलाई बाल मन्दिरको पोशाक (सर्ट पाईन्ट) र झोला वितरण साथै १००० लिटरको खानेपानी टयाङ्की हस्तान्तरण गर्ने मौका पायौं । उक्त कार्यबाट बालबालिकाहरु खुशी र उत्साहीत भएका थिए ।







## टुडे पत्रिका प्रति मेरो ईम्प्रेसन



यूराशिया रेयूकाईबाट प्रत्येक महिना प्रकाशित भईरहेको टुडे पत्रिकाले मेरो रेयूकाई शिक्षाको अभ्यासको लागि मात्र नभई वास्तविक जीवनमा आजको दिनको महत्व कति छ भनी एकपटक झस्काई दिन्छ। पत्रिकाको माध्यमबाट एक अपरिचित व्यक्तिलाई पनि परिचित बनाउने माध्यम बनाई दिएको छ। यूराशिया रेयूकाई शिक्षा के हो ? कस्तो कृयाक्लाप गर्छ भनि प्रष्ट पारिदिएको हुन्छ। जसले गर्दा अपरिचित व्यक्ति यूराशिया रेयूकाईको शिक्षा सँग सजिलै भेट हुने अवसर पत्रिकाको माध्यमबाट प्राप्त भईरहेको छ। हरेक क्षेत्र-क्षेत्रमा भेलामा जाँदा एकले अर्को सदस्यलाई भेट हुने माध्यम टुडे पत्रिकाले दिने भएकोले यसको महत्व अति नै रहेको छ । अबको भेलामा आउँदा नयाँ पत्रिका लिएर आउने मौका पाउने छु भनी सदस्यहरुसँग हरेक महिना भन्ने बानी नै बसिसकेको छ । टुडे पत्रिका प्रति कृतज्ञ छु र कृतज्ञ भई यसलाई उपयोग गर्नेछु। सदस्यलाई समेत यस पत्रिकाले उत्साह प्रदान गरेको ईम्प्रेशन प्राप्त गर्ने मौका पाउँदा खुशी महशुस गर्ने मौका पाउदै आएकी छु। टुडे पत्रिका हरेक महिना प्रकाशनको अपेक्षा राख्दछु।

शिबुचो श्रीमती प्रिया लामिछाने, २२औ शाखा



मेरो नाम सोनी राई हो म खुमलटारमा बस्छु । म यूराशिया रेयूकाई १६ औं शाखाको मिहाताको छहारीमा बसी होजाशुको रुपमा अभ्यास गर्ने महान मौका पाईरहेकी छु । म खासमा यही टुडे पत्रिकामा उल्लेखित बिषय बस्तुहरुबाट प्रभावित भएर नै यूराशिया रेयूकाईको सदस्य बन्ने मौका पाएकी हुँ । म सानैदेखि सामाजिक क्रियाक्लापहरु गर्न रुचाउने भएकोले र यो संस्थाले पनि सामाजिक सेवा सम्बन्धी कार्य गर्ने भएकोले म यो संस्थाप्रति एकदमै भित्री हृदयदेखि लागी परेकी छु। म हरेक महिनाको टुडे पत्रिका आफु पनि नछुटाईकन पढ्ने र कलेजका सम्पूर्ण साथी एवं सदस्यहरुलाई हात हातमा टुडे पत्रिका वितरण गर्ने मौका पाईरहेकी छु। मिचिविकी नभएका साथीहरु टुडे पत्रिकामा भएको विषयवस्तुबाट प्रभावित भई म पनि यूराशिया रेयूकाईको सदस्य बन्छु भनेर मैले तत्कालै धेरै जना साथीहरुलाई मिचिविकी गर्ने मौका पाई धेरै सदस्यहहरुको घरमा मेरो मिचिविकी ओया र मेरो शिबुचोज्यूको सहयोगमा सोकाईम्यो विराजमान गर्ने महान् मौका पाएँ । सदस्यहरुको पुर्खाहरुलाई स्वागत गर्ने र वहाँहरुको पुर्खाहरुको आत्मा बचाउने मौका पाउँदा ज्यादै खुशी र थप उत्साह मिलेको छ । साथै टुडे पत्रिकाको माध्यम द्वारा नै मैलै अगष्ट महिनामा पनि २८ जना सदस्य बनाउने मौका पाएँ । आगामी दिनमा थप अभ्यास गर्ने मौका पाई आफूले लिएर आएको जिम्मेवारी र कर्तव्यलाई पूरा गर्न आजको आफू बनेर अभ्यास गर्ने मौका पाउने छु । धन्यबाद नमस्कार ।

## क्रियाकलाप फोटो



*महिला विशेष कार्यक्रम, २८औं शाखा*




*विश्व शान्ति दिवस, सिलिगुडी*



*नारायणी नदी सरसफाई, नारायणघाट*



*स्वयंसेवा, पाटन कृष्ण मन्दिर, ११औं शाखा*



*महिला विशेष कार्यक्रम, १६औं शाखा, सानेपा*



*वाग्मती सर-सफाई अभियान*

संस्थापक अध्यक्षज्यू संग मिहाता शाखा संचालन समितिका अध्यक्षहरु

